नेपालको पहिलो बैंक | नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्र प्राप्त संस्था

# नेपाल बैंक लिमिटेड
# NEPAL BANK LIMITED

स्थापित वि.सं. १९९४

## प्रधान कार्यालय, सामान्य सेवा विभाग

## नेपाल बैंक लिमिटेडको चाबहिल शाखामा ले-आउट रिनोभेशन कार्य गर्न र लाजिम्पाट शाखा अन्तर्गत अमृत साईन्स क्याम्पस एक्टेन्सन काउन्टरमा सिभिल र इलेक्ट्रिकल कार्य गर्नको लागी दरभाउपत्र आव्हानको सूचना

**(प्रथम पटक प्रकशित मिति २०७७/०४/२८)**

नेपाल बैंक लिमिटेडको चावहिल, काठमाण्डौं स्थित चावहिल शाखामा ले-आउट रिनोभेशन कार्य गर्न र लाजिम्पाट शाखा अर्न्तगत ठमेल, काठमाण्डौं स्थित अमृत क्याम्पसमा बैंकको एक्टेन्सन काउन्टर निर्माणको लागि सिभिल तथा इलेक्ट्रिकल र नेटवर्किङ्ग निर्माण कार्य गर्न अनुभवी इच्छुक निर्माण व्यवसायीहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र दरभाउपत्र फाराम खरिद गरी १६ औं दिनको ११:०० बजे भित्र पेश गर्न सिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ । यस बैंकको काठमाडौ बैकिङ्ग अफिसको खाता नं ००२००१०६७११२८३००००१ मा वा चावहिल शाखाको लागि चावहिल शाखामा र अमृत क्याम्पसमा बैंकको एक्टेन्सन काउन्टरको लागि लाजिम्पाट शाखामा रु.१,०००/- (पछि फिर्ता नहुने) जम्मा गरी यस बैंकका नेपाल बैंक लिमिटेड, प्रधान कार्यालय, सामान्य सेवा विभागबाट वा चावहिल शाखाको लागि चावहिल शाखाबाट र अमृत क्याम्पसमा बैंकको एक्टेन्सन काउन्टरको लागि लाजिम्पाट शाखाबाट दरभाउपत्र फाराम खरिद गर्न सकिनेछ । सो सम्वन्धि शर्त तथा कार्य विवरण दरभाउपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ । प्राप्त भएका सिलबन्दी दरभाउपत्रहरु स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ । यस सम्वन्धि थप जानकारीको लागि कार्यालय समय भित्र नेपाल बैंक लिमिटेड, प्रधान कार्यालय, सामान्य सेवा विभागमा वा चावहिल शाखाको लागि चावहिल शाखामा र अमृत क्याम्पसमा बैंकको एक्टेन्सन काउन्टरको लागि लाजिम्पाट शाखामा सम्पर्क राख्नु हुन सूचित गरिन्छ ।

**तपसिल**

१) दरभाउपत्रदाता निर्माण व्यवसायीहरुले उल्लेखित कार्यहरु के कति रकममा गर्न सकिने हो बैंकले तोकेको नक्सा डिजाईन अनुसारको कामको परीमाणको विवरण (BOQ) मा दर रेट खुलाई तल उल्लेखित धरौटी वापत यस बैंकको चावहिल शाखाको लागि चावहिल शाखामा र अमृत क्याम्पसमा बैंकको एक्टेन्सन काउन्टरको लागि लाजिम्पाट शाखामा नगद जम्मा गरेको सक्कल भौचर वा सो रकम बराबरको दरभाउपत्र बुझाउने अन्तिम मितिले कम्तीमा ७५ दिन म्याद भएको 'क'वर्गको अन्य बाणिज्य बैंकबाट जारी भएको बिड बण्ड ग्यारेन्टी दरभाउपत्र साथ संलग्न गर्नु पर्नेछ । दरभाउपत्रको मान्य अवधि दरभाउपत्र बुझाउने अन्तिम मितिले ४५ दिनको हुनेछ ।

२) दरभाउपत्र दाता निर्माण व्यवसायीले दरभाउपत्र साथ कम्पनी/फर्म दर्ता प्रमाणपत्र, व्यवसायदर्ताको इजाजत पत्र, मु.अ.क. दर्ता प्रमाणपत्र तथा स्थाई लेखा दर्ता नं (प्यान) प्रमाणपत्र, अघिल्लो आर्थिक बर्ष सम्मको आन्तिरक राजश्व कार्यालयबाट प्राप्त कर चुक्ता गरेको प्रमाणपत्र वा कर विवरण पेश गरेको कागजातहरुको प्रतिलिपी पेश गर्नुपर्नेछ साथै निर्माण सम्बन्धि कार्य गरेको अनुभव प्रमाणपत्र र कालोसूचिमा नपरेको स्वघोषणा पत्र पेश गर्नुपर्नेछ ।

३) दरभाउपत्र पेश गर्दा बैंकले उपलव्ध गराएको दरभाउपत्र फाराम नै (नियम एवं शर्त सुबिधाहरु र आवरण पृष्ठ समेतको सबै) बैंकमा पेश गर्नु पर्नेछ । दरभाउपत्र भरी फारामको प्रत्येक पुछारमा दरभाउपत्रदाताले आधिकारिक दस्तखत गरी आफ्नो फर्मको छाप समेत लगाएको हुनु पर्नेछ ।

४) उपरोक्त कार्यको निर्माण तथा ईलेक्ट्रिकल कार्यको सामाग्रीहरु गुणस्तरीय हुनु पर्नेछ र बैंकको प्राविधिकको स्विकृतीमा मात्र प्रयोग गर्नु पर्ने छ ।

५) यस सम्वन्धमा अन्य विस्तृत विवरण दरभाउपत्र फाराममा उल्लेख भए वमोजिम हुनेछ ।
दरभाउपत्र फाराम खरिद गर्ने अन्तिम मिति :- २०७७/०५/१० गते बुधवार कार्यालय समय भित्र ।
दरभाउपत्र दाखिला गर्ने अन्तिम मिति :- २०७७/०५/११ गते बिहिवार बिहान ११:०० बजे भित्र ।
दरभाउपत्र दाखिला गर्ने स्थान :- यस बैंकको चावहिल शाखाको लागि चावहिल शाखामा र अमृत क्याम्पसमा बैंकको एक्टेन्सन काउन्टरको लागि लाजिम्पाट शाखामा दरभाउपत्र दाखिला गर्नु पर्नेछ ।

६) थप विवरण :-

| कार्यालय / शाखा | दरभाउपत्र नं | सम्झौता भएको मिति बाट कार्य पुरा गरी बैंकलाई हस्तान्तरण गर्नु पर्ने समय | दरभाउपत्र धरौटी वापत रकम | दरभाउपत्र फाराम प्राप्त गर्ने स्थान | दरभाउपत्र खोल्ने मिति, स्थान र समय | बैंकको अनुमानित लागत सिभिल र इलेक्ट्रिकल तथा नेटवर्किङ्ग दुबै गरी भ्याट समेत कुल जम्मा रकम |
|---|---|---|---|---|---|---|
| **चावहील शाखा** | NBL/SQ02/ W077/78 | २१ दिन | रु.३४,०००/- (अक्षरेपी चौतिस हजार मात्र) | ने.बै.लि. प्रधान कार्यालय, सामान्य सेवा विभाग, धर्मपथ, काठमाण्डौं वा चावहिल शाखा । | ने.बै.लि. चावहिल शाखा मिति २०७७/०५/११ गते बिहिवार दिउसो १२:३० बजे । | रु.१३,३६,१९३/७२ (अक्षरेपी तेह्र लाख छत्तिस हजार एक सय त्रियानब्बे र पैसा बहत्तर मात्र ।) |
| **लाजिम्पाट शाखा** | NBL/SQ03/ W077/78 | २१ दिन | रु२८,०००/- (अक्षरेपी अठ्ठाईस हजार मात्र।) | ने.बै.लि. प्रधान कार्यालय, सामान्य सेवा विभाग, धर्मपथ, काठमाण्डौं वा लाजिम्पाट शाखा । | ने.बै.लि. लाजिम्पाट शाखा २०७७/०५/११ गते बिहिवार दिउसो १२:३० बजे । | रु.११,१०,९५५/३२ (अक्षरेपी एघार लाख दश हजार नौ सय पचपन्न र पैसा बत्तिस मात्र ।) |

नोट : दरभाउपत्र खोल्ने दिन विदा पर्न गएमा सो दिनको भोली पल्ट दरभाउपत्र खोलिनेछ । यो सुचना यस बैंकको Website:- www.nepalbank.com.np/noticeboard.html मा समेत हेर्न सकिने छ ।